आज मिति २०८२ साल माघ महिनाको १५ गते बिहीवारका दिन शिवपुरी गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को सातौं बैठक गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री गोविन्द प्रसाद थपलियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा बसी निम्नानुसार निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | गोविन्द प्रसाद थपलिया | अध्यक्ष | |
| २ | विर बहादुर तामाङ | उपाध्यक्ष | |
| ३ | सुकुराम तामाङ | वडा अध्यक्ष | |
| ४ | कुमार तामाङ | वडा अध्यक्ष | |
| ५ | नाती तामाङ | वडा अध्यक्ष | |
| ६ | चन्द्र बहादुर गुरुङ | वडा अध्यक्ष | |
| ७ | रेशम बहादुर मोक्तान | वडा अध्यक्ष | |
| ८ | विष्णु श्रेष्ठ | वडा अध्यक्ष | |
| ९ | वीर बहादुर तामाङ | वडा अध्यक्ष | |
| १० | केशव प्रसाद रिजाल | वडा अध्यक्ष | |
| ११ | सञ्जीमाया तामाङ | कार्यपालिका सदस्य | |
| १२ | ज्ञानुमाया तामाङ | कार्यपालिका सदस्य | |
| १३ | सावित्री रिजाल | कार्यपालिका सदस्य | |
| १४ | भगवती वुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | जानुका खाती सुनार | कार्यपालिका सदस्य | |
| १६ | रिता नेपाली | कार्यपालिका सदस्य | |
| १७ | बद्रिनाथ लम्साल | सदस्य सचिव | |

<u>अन्य उपस्थिति</u>

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| | | | |

CamScanner

## छलफलका विषय वस्तुहरु

१. समिक्षा सम्बन्धमा ।

२. स्काउट ( गठन तथा सञ्चालन ) आदेश २०८२ सम्बन्धमा।

३. Wash plan को प्राविधिक तथा आर्थिक प्रस्ताव माग गर्ने सम्बन्धमा।

४. पदपूर्ति सम्बन्धमा ।

५ सङ्घिय समपूरक तथा विशेष अनुदान माग सम्बन्धमाः-

६. प्रहरी पोष्टका लागि जग्गा व्यवस्थापन गर्न रकम भुक्तानी सम्बन्धमाः-

७ रोजगार प्रबर्द्धन कार्यक्रममा साझेदारी सम्बन्धमाः

८. विविध ।

CamScanner

बैठक नं.०७ बैठक मिति २०८२/१०/१५

## छलफल तथा निर्णयहरु

**निर्णय नं. १ समिक्षा सम्बन्धमाः-** मिति २०८२/०९/१७ गतेका दिन बसेको कार्यपालिकाको छैठौं बैठकले गरेको निर्णयहरू सम्पूर्ण कार्यान्वयन भएको सम्बन्धमा आजको कार्यपालिका बैठकमा छलफल गरियो । चालु आ.व. २०८२/०८३ मा सम्पन्न गरिने भौतिक पूर्वाधार तर्फका योजनाको समयमै सम्पन्न गर्न प्रक्रिया अगाडी बढेको साथै अन्य नियमित कार्यहरू निरन्तर सञ्चालन भै रहेको व्यहोरा समिक्षा गरियो ।साथै कार्यालयको चालु आ.व.को दोस्रो त्रैमासिक प्रगति निम्नानुसार विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ।

**निर्णय नं. २ गठन आदेश सम्बन्धमाः** गाउँपालिका क्षेत्र भित्र स्काउट सम्बन्धि कार्यलाई व्यवस्थापन गर्न गराउनका लागि गाउँपालिका स्तरिय स्काउट परिषदको गठन गर्न बान्छनिय भएकोले शिवपुरी गाउँपालिका स्काउट (गठन तथा सञ्चालन) आदेश २०८२ निर्णयानुसार जारी गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ Wash plan को प्राविधिक तथा आर्थिक प्रस्ताव माग तथा संझौता सम्बन्धमाः-** यस गाउँपालिकाको ५ वर्षे Strenthing Water, Sanitation and Hygiene (WASH) Plane बनाउनको लागि गाउँपालिकामा सूचीकृत भएका निम्न फर्महरूबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरि छनौट भएको संस्थासँग संझौता गर्ने जिम्मेवारी कार्यालयलाई दिने निर्णय गरियो।

<u>निम्न</u>

(क) सुभरोथ नेपाल प्रा.ली., महालक्ष्मी-९, ललितपुर, काठमाण्डौं (ख) समाज विकासको लागि सामाजिक हातहरू, तादी गाउँपालिका, वार्ड नं. ३, नुवाकोट। (ग) राईज साईन सस्टेन फाउण्डेसन ,काठमाण्डौं ।

**निर्णय नं.४ पदपूर्ति सम्बन्धमाः-**गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेको शिवपुरी आधारभूत अस्पतालको लागि कार्यालयको आन्तरिक स्रोत र स्वास्थ्य सेवाका शिर्षकमा विनियोजित वजेटबाट तलब भत्ता खर्च लेख्ने गरि मिति २०८२/०८/२४ मा भएको विज्ञापन र निम्न पदहरूको लागि विज्ञापन गरि पदपूर्ति गर्ने जिम्मा कार्यालयलाई दिने निर्णय गरियो ।

CamScanner

| क्र.सं. | सेवा करारमा लिने पद | आवश्यक संख्या |
|---|---|---|
| १ | मेडिकल अधिकृत | १ (एक) |
| २ | ल्याब टेक्निसियन | १ (एक) |
| ३ | डेण्टल हाईजिनिष्ट | १ (एक) |

निर्णय नं. ५ सक्रिय समपूरक तथा विशेष अनुदान माग सम्बन्धमाः-आ.व.२०८२/०८३ का लागि माग गरिएको समपूरक तथा विशेष अनुदानको ठेक्का व्यवस्थापन एक आ.व. लाई मात्र गरिएकोले आ.व. २०८३/०८४ का लागि तपसिल वमोजिम समपूरक र विशेष अनुदान माग गर्ने निर्णय गरियो।

तपसिलः

| क्र. सं. | योजनाको नाम र ठेगाना | बजेट | अनुदानको किसिम |
|---|---|---|---|
| १ | शिवपुरी कृषि रिङरोड स्तरोन्नती (१ देखि ८ वडा कार्यालय जोड्ने सडक) | ७ करोड | समपूरक |
| २ | शिवपुरी रङ्गशाला संरक्षण तथा स्तरोन्नती , वडा नं. ७ | ३ करोड | विशेष |

**निर्णयनं. ६ प्रहरी पोष्टका लागि जग्गा व्यवस्थापन गर्न रकम भुक्तानी सम्बन्धमाः-**

साविक साङ्गला, खोलेगाउँ हाल नुवाकोट शिवपुरी गाउँपालिका वडा नं.६ कित्ता नं. १५ क्षेत्रफल ३-९-०-० अस्थायी प्रहरी पोष्ट गुर्जे भञ्ज्याङ्गको नाममा जग्गा प्राप्ति गर्नका लागि गुठी संस्थान अक्षय कोषको नाउमा सिटिजन्स बैक ईन्टरनेशनल लि.को खाता नं.००८०१००००००० ५६३०१ मा रू.४,७०,२५०अक्षरेपी चार लाख सत्तरी हजार दुई सय पचास रूपैया रकम जम्मा गरेको भुक्तानी समर्थन गर्ने निर्णय गरियो।

CamScanner

**निर्णय नं. ७ रोजगार प्रवर्द्धन कार्यक्रममा साझेदारी सम्बन्धमाः-** यस गाउँपालिका अन्तरगत राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमका लागि तोकिए बमोजिम न्यूनतम सत प्रतिशत लागत साझेदारीमा तपसिलका आयोजना सञ्चालन गर्ने निर्णय गरियो।

तपसिल

| क.सं. | आयोजनाको नाम | वडा नं. | बजेट | | |
|---|---|---|---|---|---|
| | | | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम | गाउँपालिका साझेदारी | जम्मा |
| १ | वोजेको पहिरो हुँदै सत्तरी सिंचाई | ८ | १५०००० | १५०००० | ३००००० |
| २ | वडा कार्यालय हुँदै कविरारे संम्म मोटरबाटो | ८ | ७५४०० | १००००० | १७५४०० |
| ३ | शिवपुरी आधारभुत अस्पतालको पर्खाल तथा पूर्वाधार निर्माण | ५ | ५४९८८९ | १२७९२३९ | १८२९१२८ |
| जम्मा | | | ७७५२८९ | १५२९२३९ | २३०४५२८ |

**निर्णय नं. ८ विविधः**

आवश्यकता अनुसार बैठक बसि थप निर्णय गर्ने गरि आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

CamScanner